स्थानीय राजपत्र
बेलडाँडी गाउँपालिका द्वारा प्रकाशित
७ नं. प्रदेश, बेलडाँडी ,कञ्चनपुर, जेठ , ०८ गते २०७५ साल संख्या: १

भाग ३

# बेलडाडी गाउँपालिकाको
# स्थानीय राजपत्र प्रकाशन सम्वन्धी व्यवस्था

बेलडाडी गाउँपालिका
कंचनपुर

# तयार गर्ने विधेयक समिति

## बेलडाँडी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशनको प्रक्रिया :

नेपालमा राजपत्रको प्रकाशन सर्वप्रथम २००८ साल श्रावण २९ गतेदेखि नेपाल गजेटको रुपमा शुरु भएको हो । नेपाल गजेटलाई २०२३ साल माघ १७ गतेवाट राजपत्रको नाम संशोधन गरियो । नेपाल राजपत्र नेपाल सरकारको आधिकारीक प्रकाशन हो जसमा राष्ट्र प्रमुखवाट जारि भएका सम्वोधन, विधायिकी सदनवाट पारित भएका ऐन अध्यादेशहरु र नियम, प्रकाशन गरिन्छ । विभिन्न प्रकारका महत्वपूर्ण सरकारी निर्णयहरुलाई वैधानिकता दिने तथा नागरिकहरुलाई ऐन, नियमको दायरा भित्र राख्ने सरकारी पत्र नेपाल राजपत्र हो । जुन हाल सम्म प्रकाशनमा आईरहेको छ । हाल आएर स्थानीय सरकार संचालन ऐन २०७४ को दफा .१०२ को उपदफा (३) स्थानीय राजपत्र प्रकाशन गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ ।

## स्थानीय राजपत्र प्रकाशनको प्रक्रिया :

स्थानीय राजपत्रमा प्रकाशित सामग्रीहरु स्थानीय सरकारका सरोकारवाला महाशाखा, उपशाखा,वा विभागको आधिकारीक प्रमाणीकरण पश्चात मात्रै गरिन्छ । ऐन, नियम, कार्यविधि कानून वा कार्यालयले वनाएका कानूनहरु अख्तियार प्राप्त अधिकारीले प्रमाणित गरी मात्र प्रकाशन गरिनु पर्दछ । यसै सन्दर्भमा स्थानीय राजपत्रलाई प्रकाशनको हिसावले निम्न २ तरिकावाट प्रकाशन गर्ने स्थानीय सरकारका निर्णयहरुलाई प्राथमिकता दिदै मुद्रण गरिनेछन ।

१) संख्या (नियमित अंक): नियमित प्रकाशन हुने अंकमा स्थानीय सरकारवाट वा गाउँपालिकावाट पारित भएका सवै प्रकारका सूचना तथा नियमावली, विनियमावलीहरु,पारित निर्णयहरु रहने छन ।

२) अतिरिक्ताकं : स्थानीय सरकारले निर्णय गरेकै मिति उल्लेख गरी ऐन, नियमावली, विनियमावली ,कार्यविधि,निर्देशिका सूचना गाउँ सभावाट पारित गरी उक्त मिति देखि लागु हुने गरी पछि प्रकाशित हुने राजपत्रलाई अतिरिक्ताकं भनिन्छ ।

## स्थानीय राजपत्रहरुका भागहरु :

स्थानीय राजपत्रमा प्रकाशन हुने सामग्रीहरुको महत्व र गाम्भीर्यतालाई हेरी स्थानीय राजपत्रलाई निम्न लिखित भागहरुमा विभाजन गरिएको छ ।

१. भाग १ – ऐन प्रकाशन हुनेछन ।

२. भाग २ – नियमावली, बेलडाडी गाउँपालिकाले जारी गरेका आदेश वा अधिकारपत्र प्रकाशन हुनेछन ।

३. भाग ३– ऐन नियम अनुसार वनेका विनियम,कार्यविधि तथा निर्देशिका रहने छन ।

४. भाग ४ – ऐन नियम वा आदेश अर्न्तगत वा बेलडाडी गाउँपालिकाको निति बमोजिम राजपत्रमा प्रकाशन गर्ने भनी उल्लेख भएका सूचना वा विषय वस्तु समावेश गर्नु पर्ने ।

५. भाग ५ – स्थानीय सरकारका हैसियतले गरेका सम्झौताहरु यस भागमा समावेश गर्नु पर्नेछ ।

## राजपत्रवाट उठाईने राजश्व प्रकिया :

यसरी प्रकासन गरिने स्थानीय राजपत्रमा दुरुपयोग हुन नदिन स्थानीय सरकारलाई केही हद सम्म भए पनि आम्दानी उदेश्यले प्रत्येक सदस्यका लागि र फुटकर रुपमा खरिद गर्न चाहनेहरुका लागी खरिद दर निर्धारण गरिएको छ ।

**१) सदस्यका लागी**

साधारण पत्रको रुपमा पठाउदा रु ......

अन्य माध्यमले वुझाउंदा रु .....

सरकारी निकायहरुको हकमा कार्यालयवाट निशुल्क वुझाउने व्यवस्था मिलाएको छ ।

**२) फुटकर विक्री**

सदस्य नभएको व्यक्ति वा संघ संस्थाले आफुलाई आवश्यक परेको स्थानीय राजपत्र लिन चाहेमा फुटकर विक्री मुल्य तपसिल अनुसार हुनेछ ।

१ देखी १० पाना सम्म प्रति पाना रु ५
१० देखी २५ पाना सम्म प्रतिपाना रु १०
२५ देखी माथी प्रतिपाना रु १२

१. भाग १ – यो भागमा गाउँ सभावाट पारित भएका ऐनकानून , नियमावली, विनियमावली, कार्यविधि प्रकाशन हुनेछन ।
२. भाग २ – यो भागमा गाउँ कार्यपालिका वाट पारित नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका,मापदण्ड र स्थानीय सरकारले जारी गरेका आदेशहरु प्रकाशन हुनेछन ।
३. भाग ३– आवश्यक सूचनाहरुलाई यस भागमा समावेश गरिनेछ ।
४. भाग ४ स्थानीय सरकारले राजपत्रमा प्रकाशन गर्ने भनी उल्लेख गरेका ऐन, नियम, आदेश स्थानीय सरकारको निर्णय बमोजिम गर्नु पर्ने यस भागमा समावेश गर्नु पर्ने ।
५. भाग ५ – स्थानीय सरकारका हैसियतले गरेका सम्झौताहरु यस भागमा समावेश गर्नु पर्नेछ ।

## राजपत्रवाट उठाईने राजश्व प्रकिया :

यसरी प्रकासन गरिने स्थानीय राजपत्रमा दुरुपयोग हुन नदिन स्थानीय सरकारलाईृ केही हद सम्म भए पनि आम्दानी उदेश्यले प्रत्येक सदस्यका लागि र फुटकर रुपमा खरिद गर्न चाहनेहरुका लागी खरिद दर निर्धारण गरिएको छ ।

**१) सदस्यका लागी**

साधारण पत्रको रुपमा पठाउदा रु ......
अन्य माध्यमले वुझाउंदा रु .....
सरकारी निकायहरुको हकमा कार्यालयवाट निशुल्क वुझाउने व्यवस्था मिलाएको छ ।

**२) फुटकर विकी**

सदस्य नभएको व्यक्ति वा संघ संस्थाले आफुलाई आवश्यक परेको स्थानीय राजपत्र लिन चाहेमा फुटकर विक्री मुल्य तपसिल अनुसार हुनेछ ।

१ देखी १० पाना सम्म प्रति पाना रु ५
१० देखी २५ पाना सम्म प्रतिपाना रु १०
२५ देखी माथी प्रतिपाना रु १२